

# आपत्कालीन सूचना तथा जानकारीलाई अपाङ्गता समावेशी बनाऔँ






कोरोना भाइरस महामारी (कोभिड—१९) को समयमा प्रदान गरिने कुनै पनि सूचना, सन्देश, जानकारी तथा सचेतनामूलक सामाग्रीहरू सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूले सहजै बुझ्न सक्ने पहुँचयुक्त ढाँचा र भाषामा प्रकाशन तथा प्रसारण गर्ने गरौँ ।

यो कार्यका लागी सम्बन्धित सबैलाई प्रेरित गरौँ ।


## पहुँचयुक्त ढाँचा भनेका के के हुन?




सांकेतिक भाषा




क्याप्सन



ब्रेल लिपि




सुन्न मिल्ने सामाग्री



सजिलै बुझिने भाषा



पूर्ण तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिहरू साथै आफ्नो हेरचाह आफैँ गर्न नसक्ने व्यक्तिहरूको सरसफाइ र सुरक्षाका विविध ढाँचा र उपायहरू समेटेर सचेतनामूलक सन्देश र सामाग्रीहरू प्रकाशन तथा प्रसारण गरौँ ।



जानकारी मूलक सामाग्रीहरू प्रकाशन र प्रसारण गर्दा सधैँ भरी अपाङ्गता समावेशी तथा लैङ्गिकमैत्री भाषा को प्रयोग गरौँ ।

यो सामाग्री कोरोना भाइरस (कोभिड—१९) विरुद्धको प्रतिकार्यलाई अपाङ्गता समावेशी बनाउने उद्देश्यका साथ सरोकारवालाको सचेतनाका लागि सीबीएमसंगको साझेदारीमा नेपाल अपाङ्ग महिला संघद्वारा तयार पारिएको हो ।

cbm
together we can do more



# आपत्कालीन प्रतिकार्यहरूमा अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य र सुरक्षाप्रति संवेदनशील बनौँ

बौद्धिक अपाङ्गता, अटिजम, बहु अपाङ्गता तथा मनोसामाजिक अपाङ्गता भएका बालिका, किशोरी र महिलाहरू यौन तथा अन्य लैङ्गिक हिंसाको उच्च जोखिममा हुने हुँदा उनीहरूको सुरक्षा र न्यायको लागि सधैँ सचेत र सजग बनौँ ।





धेरैजसो अवस्थामा हिंसामा परेकाहरूले आफ्नो समस्या सजिलै भन्न नसक्ने हुँदा घरपरिवारका सदस्यहरूले चनाखो हुनुका साथै उनीहरूको मनोभाव बुझ्ने कोसिस गर्नुपर्छ ।



अपाङ्गता भएका किशोरी, महिला र तिनका अभिभावक तथा व्यक्तिगत सहयोगीहरूका लागी महिनावारी सरसफाइको बारेमा सचेतना जगाउन पहल गरौँ ।





नियमित रूपमा औषधी सेवन गरिरहनुपर्ने, स्वास्थ्य सामाग्रीहरू खरिद गरिरहनुपर्ने, व्यक्तिगत सहयोगी आवश्यक पर्ने तथा स्वास्थ्य जाँच गराई रहनु पर्ने अपाङ्गता भएका व्यक्तिहरूको विशेष आवश्यकताप्रति संवेदनशील बनौँ ।



अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका अभिभावक तथा व्यक्तिगत सहयोगीहरूका लागि खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी आवश्यक सामाग्रीको सहज उपलब्धताको लागी पहल गरौँ ।


मानसिक तनाव, चिन्ता र नकारात्मक सोचलाई कम गराउन अपाङ्गता भएका व्यक्ति र उनीहरूका अभिभावक तथा व्यक्तिगत सहयोगीहरूलाई नियमित रूपमा हौसला र उत्प्रेरणा प्रदान गर्ने गरौँ ।




यो सामाग्री कोरोना भाइरस (कोभिड—१९) विरुद्धको प्रतिकार्यलाई अपाङ्गता समावेशी बनाउने उद्देश्यका साथ सरोकारवालाको सचेतनाका लागि सीबीएमसंगको साझेदारीमा नेपाल अपाङ्ग महिला संघद्वारा तयार पारिएको हो ।

cbm
together we can do more

# कोरोनाबाट सुरक्षित हुन आफू पनि अग्रसर बनौँ



आफूले नियमित रूपमा प्रयोग गरिरहनु पर्ने औषधी, सहायक सामाग्री तथा अन्य स्वास्थ्य सामाग्रीहरूको बारेमा समयमा नै आफ्नो परिवार, नजिकका सामाजिक सङ्घसंस्था, आफू आबद्ध सङ्घसंस्था र स्थानीय सरकारलाई जानकारी गराऔँ ।






क्वारेनटाइन, आइसोलेसन सेन्टर अथवा कोरोना अस्पतालहरूलाई सबैका लागी पहुँचयुक्त बनाउनका लागि आजैदेखि आ—आफ्नो तर्फबाट नियमित रूपमा पहल र वकालत गरौँ ।




## सुरक्षित रहन यसो गरौँ



सहायक सामाग्रीहरू (व्हीलचियर, सेतो छडी, वैशाखी आदि) लाई नियमित रूपमा सफा गरौँ ।



व्यक्तिगत सहयोगीलाई पनि नियमित रूपमा हात धुन तथा स्यानिटाइजर र मास्कको प्रयोग गर्न अनुरोध गरौँ ।






सरकारले जारी गरेका निर्देशनहरू तथा सुरक्षात्मक उपायहरू पूर्ण रूपमा पालना गरौँ ।




अफवाह र भ्रमहरूबाट टाढै रहन आधिकारिक र तथ्यपरक सूचना र आधिकारिक स्रोतलाई मात्र अनुसरण गरौँ ।




मानसिक रूपमा स्वस्थ र तन्दुरुस्त रहन घरमा बस्दा विभिन्न रचनात्मक कार्यमा आफूलाई व्यस्त बनाऔँ ।

यो सामाग्री कोरोना भाइरस (कोभिड—१९) विरुद्धको प्रतिकार्यलाई अपाङ्गता समावेशी बनाउने उद्देश्यका साथ सरोकारवालाको सचेतनाका लागि सीबीएमसंगको साझेदारीमा नेपाल अपाङ्ग महिला संघद्वारा तयार पारिएको हो ।

cbm
together we can do more

# अपाङ्गता समावेशी कोभिड-१९ प्रतिकार्यका लागि राज्य तथा सामाजिक सङ्घसंस्थाको दायित्व





जोखिममा रहेका अपाङ्गता भएका व्यक्तिहरूको लगत सङ्कलन गरी अत्यावश्यक सेवा सहज रूपमा उपलब्ध गराऔं ।



राहत प्याकेज तयार गर्दा अपाङ्गता भएका महिला, बालबालिका तथा अन्य सीमान्तकृत समुदायका व्यक्तिहरूका विशेष आवश्यकताहरू (मेडिकल सामाग्री, सरसफाइका सामाग्री, सहायक सामाग्री आदी) लाई पनि संलग्न गरौं।




कोरोना प्रतिकार्य सम्बन्धमा बनेका तथा अब बन्ने सबै खालका नीति तथा कानुनहरूमा अपाङ्गता भएका व्यक्तिहरूको सवाल र मुद्दालाई उचित रूपमा सम्बोधन गरौं ।



कोरोना महामारी प्रतिकार्यसम्बन्धी कुनै पनि छलफल तथा कार्यक्रम कार्यान्वयनका चरणहरूमा अपाङ्गता भएका महिला तथा व्यक्तिहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गराऔं ।



क्वारेनटाइन अथवा आइसोलेसनमा रहेका वा सङ्क्रमित भई उपचाररत अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक पर्ने सबै सामाग्रीहरूको समयमा नै व्यवस्थापन गरौं । भौतिक संरचनाहरूलाई पहुँचयुक्त बनाऔं ।



अपाङ्गता भएका व्यक्तिहरूले राज्यमार्फत प्राप्त गर्ने सामाजिक सुरक्षा भत्ता घरदैलोमा नै प्राप्त गर्ने व्यवस्था मिलाऔं ।

यो सामाग्री कोरोना भाइरस (कोभिड—१९) विरुद्धको प्रतिकार्यलाई अपाङ्गता समावेशी बनाउने उद्देश्यका साथ सरोकारवालाको सचेतनाका लागि सीबीएमसंगको साझेदारीमा नेपाल अपाङ्ग महिला संघद्वारा तयार पारिएको हो ।

cbm
together we can do more